# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०७५/०३/१०

## भाग-१

## सुर्यगढी गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन वा नियम उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**गाउँसभाबाट अनुमोदित मिति : २०७५/०३/१०**

**सम्बत २०७५ सालको ऐन नं : १**

### सुर्यगढी गाउँपालिकाको विनियोजन ऐन, २०७५

**सुर्यगढी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मितिः २०७५/०३/१०

**प्रस्तावनाः** सुर्यगढी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुर्यगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “सुर्यगढी गाउँपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित सुर्यगढी गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा सुर्यगढी गाउँपालिकाले लिएको ऋण रकम र अन्य श्रोतबाट प्राप्त हुने रकम बमोजिम अनुसूची २ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २५,५५,५७,०००।- (अक्षेरुपी पच्चीस करोड पचपन्न लाख सन्ताउन्न हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त सुर्यगढी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त सुर्यगढी गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड तथा सुर्यगढी गाउँपालिकाले लिएको ऋण रकम र अन्य श्रोतबाट प्राप्त हुने रकमबाट विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षक को नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ४९९९८ | ५४९१६ | ० | १०४९१४ |
| २ | | वडा समिति | १२५४३ | ५०००० | ० | ६२५४३ |
| ३ | | बिषयगत शाखा | ८६७२६ | १३७४ | ० | ८८१०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | कुल जम्मा | १४९२६७ | १०६२९० | ० | २५५५५७ |

अनुसूचि-२

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (१) बमोजिम

संञ्चित कोषमा प्राप्त हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षक को नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | वित्तीय समानीकरण (संघीय सरकार) | ० | ६३३०० | ० | ६३३०० |
| २ | | सशर्त अनुदान (संघिय सरकार) | ८६७२६ | १३७४ | ० | ८८१०० |
| ३ | | राजश्व बाँडफाँड (संघिय सरकार) | ४१६१६ | २५०० | ० | ४४११६ |
| ४ | | वित्तीय समानीकरण (प्रदेश सरकार) | ० | ७७०० | ० | ७७०० |
| ५ | | सशर्त अनुदान (प्रदेश सरकार) | ६३५४ | २५४१६ | ० | ३१७७० |
| ६ | | राजश्व (प्रदेश सरकार) | ६०७१ | ० | ० | ६०७१ |
| ७ | | आन्तिरक आय | २५०० | ० | ० | २५०० |
| ८ | | गत वर्षको मौज्दात | ६००० | ६००० | ० | १२००० |
| | | कुल जम्मा | १४९२६७ | १०६२९० | ० | २५५५५७ |

**आज्ञाले,**
**उत्तम खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**